आज मिति २०८२/१०/२५ गते आइतवारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगरकार्यपालिकाको वैठक वसियो ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| का.बा.वडा अध्यक्ष वडा नं.२ | श्री नरसिंह श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| का.बा.वडा अध्यक्ष वडा नं.१० | श्री परिक्षण कामती |
| का.बा.वडा अध्यक्ष वडा नं.११ | श्री झगरु माझि |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |
| महिला मनोनित सदस्य | श्री नरधिमा लामा |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री भरत कुमार बानिया (सचिव) |
| सहयोगी कर्मचारी | श्री त्रिभु कुमार साह |

CamScanner

**प्रस्तावहरु :**

१. उच्च अदालतको फैसलामाथी सर्वोच्च अदालतमा पुनरावेदन तथा दोहोऱ्याई पाँउ भन्ने निवेदन दर्तागर्ने सम्वन्धमा ।

२. विविध ।

**निर्णयहरु :**

प्रस्ताव नं. १ माथी छलफल गर्दा उच्च अदालत जनकपुर राजवीराज ईजलासमा जिल्ला सिरहा न.पा. मिर्चैया वडा नं. ५ मा वसोवास गर्ने स्व. सोती यादवको छोरा शिव नारायण यादव लगायतले दायर गरेको मुद्दा नं. ०७९-WO-०४५७ मुद्दा :- उत्प्रेषणयूक्त निषेधाज्ञा मिश्रीत परमादेश , जिल्ला सिरहा न.पा. मिर्चैया वडा नं. ५ मा वसोवास गर्ने दुखी पासमानको छोरा रंजित पासमानले दायर गरेको मुद्दा : निषेधाज्ञा मुद्दा नं. ०८०-WO-०३२२, जिल्ला सिरहा न.पा. मिर्चैया वडा नं. ५ वसोवास गर्ने दुखी पासमानको छोरा रंजित पासमान लगायतले दायर गरेको मुद्दा : निषेधाज्ञा उत्प्रेषण मिश्रित परमादेश मुदा नं.०८०-WO-०४९६, जिल्ला सिरहा न.पा मिर्चैया वडा नं. ५ वस्ने रामसकल ठाकुर गुप्ताको पत्नी दुलारी देवी लगायतले दायर गरेको मुद्दा : अदालतको अपहेलना मुद्दा नं. ०७९-FJ-००३९ र जिल्ला सिरहा न.पा. मिर्चैया वडा नं. ५ वस्ने पन्ना साहको छोरा प्रदिप कुमार साहले दायर गरेको मुदा नं.०७९-WO-०८२० मुदा: उत्प्रेषणयूक्त परमादेश लगायत यस संग लगाउमा रहेको मुद्दाहरु माथी उच्च अदालत जनकपुर राजविराज ईजलास वाट मिति २०८२/०१/११ गते भएको आदेश तथा फैसला कानूनी पुनरावलोकन गरिनु आवश्यक देखीएकोछ तसर्थ उच्च अदालत जनकपुर राजविराज ईजलासको उपर्युक्त फैसलाविरुद्ध प्रचलित कानुन बमोजीम सम्मानीत सर्वोच्च अदालतमा पुनरावेदन तथा दोहोऱ्याई पाँउ भन्ने निवेदन दर्ता गर्न तथा त्यसका लागि आवश्यक सम्पूर्ण कानुनी प्रकृया अगाडि बढाउन यस नगर कार्यपालिकाको तर्फ वाट पुनरावेदन तथा दोहोऱ्याई पाँउ भन्ने निवेदन दायर गर्न , तारेखमा रहन, कानुन व्यवसायी मुकरर गर्न वा सम्मानीत अदालतवाट प्राप्त हुने सुचना जानकारी वा दस्तावेज प्राप्तगर्न तथा वारेस राखीकामकाज गर्न गराउन यस कार्यालयका कर्मचारी कम्प्यूटर अपरेटर श्री धनञ्जय महतो लाई सम्पुर्ण अख्तियारी दिने निर्णय गरियो । साथै उक्त कार्यको लागी नगर कार्यपालिकाको कार्यालयले आवश्यक्ता अनुसार अन्य कर्मचारी वा कानुन व्यवसायिलाई अख्तियारी दिने समेत निर्णय गरियो ।